# शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
झ्याडडाँडा, झापा । प्रदेश नं. १, नेपाल

# कर्मचारी करार सेवामा लिने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७४/१२/१६

यस नगरपालिकाका अन्तर्गत प्राथमिक स्वास्थ्य केन्द्र शिवगञ्जका लागि देहाय बमोजिमका पदमा २०७५ आषाढ मसान्त सम्मका लागि सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट शिवसताक्षी नगरपालिकाद्वारा स्वीकृत दरखास्त फारम भरी यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र रितपूर्वकको दरखास्त आव्हान गरिन्छ ।

**(क) पदको विवरण :**

| विज्ञापन नं. | पद | पद संख्या | न्यूनतम् शैक्षिक योग्यता | दरखास्त शुल्क रु. |
|---|---|---|---|---|
| ०६-०७४/७५ | अ.न.मी. | २ (दुई) | मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मी. कोर्ष उतिर्ण गरी नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता/नविकरण भएको प्रमाण पत्र । | रु. ७००।- |

ख) दरखास्त दिने स्थान : शिवसताक्षी नगरपालिकाको कार्यालय झ्याडडाँडा, झापा

ग) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु : (१) व्यक्तिगत विवरण (२) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि (३) न्यूनतम् शैक्षिक योग्यता (एसएलसी, अनमी)-को प्रमाण-पत्रको प्रतिलिपि (४) नेपाल स्वास्थ्य व्यावसायिक परिषद्मा दर्ता/नवीकरण वा नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता/नवीकरणको प्रमाणपत्रको प्रतिलिपि (५) दरखास्त दस्तुर बुझाएको नगदी रसिद (६) पद सँग सम्बन्धित तालिम, अनुभव भए सोको प्रतिलिपि । (उल्लेखित प्रमाण पत्रका प्रतिलिपिहरु स्वयम् प्रमाणित गरी दरखास्त साथ पेश गर्नु पर्नेछ तथा अन्तरवार्ताको दिन सक्कलै प्रमाणपत्रहरु लिएर आउनु पर्नेछ ।

घ) उमेरको हद : दरखास्त बुझाउने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको तथा महिला र अपाङ्ग उम्मेदवारको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

ङ) छनौट प्रक्रिया : लिखित परीक्षा र अन्तरवार्ता हुनेछ ।

च) सेवा सुविधा : उक्त पदका लागि नेपाल सरकारले तोकेको न्यूनतम् पारिश्रमिक मात्र ।

छ) सम्पर्क मिति : २०७४/११/२३ गते शुक्रबार ।
रीतपूर्वक दरखास्त फारम भरी स्वयं आफैं उपस्थित भई दरखास्त दर्ता गर्नु पर्नेछ । रीत नपुगी आएको वा म्याद नाघी आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

ज) परीक्षा मिति समय र स्थान पछि तोकिने छ ।

*द्रष्टव्य : अन्य विस्तृत जानकारीका लागि शिवसताक्षी नगरपालिकाको वेबसाइट www.shivasatakshimun.gov.np मा हेर्न हुन तथा यस कार्यालयको फोन नं. ०२३-४७०३२२ / ४७०३२३ मा सम्पर्क राख्न सकिनेछ ।*

Activate Windows
Go to Settings to activate W

– प्रमुख प्रशासकीय अधिकृत